# डाटा सेन्टर तथा क्लाउड सेवा प्रदायकहरुलाई सूचीकृत हुन जारी गरिएको सूचना

सूचना प्रविधिको प्रयोग मार्फत सरकारी, सार्वजनिक र निजी क्षेत्रबाट सिर्जना भएका डाटाहरूको सुरक्षित तथा गोपनीय तवरले देशभित्र भण्डारण गर्न प्रोत्साहित गर्ने तथा डाटा सेन्टर र क्लाउड सेवा प्रदायकहरूलाई सूचीकृत गरी सोको व्यवस्थापन मार्फत सूचना प्रविधि प्रणालीलाई भरपर्दो, सुरक्षित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न "डाटा सेन्टर तथा क्लाउड सेवा (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१" २०८१ माघ १५ गते जारी भएको छ ।

यस निर्देशिकाको दफा ३ बमोजिम डाटा सेन्टर तथा क्लाउड सेवा प्रदायकले सेवा प्रदान गर्नुपूर्व विभागमा सूचीकृत हुनु पर्ने व्यवस्था छ । साथै यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका डाटा सेन्टर सञ्चालकले दफा ३ को उपदफा (२) बमोजिमका तथा क्लाउड सेवा सञ्चालकले सोही दफाको उपदफा (३) बमोजिमका कागजात संलग्न गरी यो निर्देशिका प्रारम्भ भएको छ महिना भित्र उपदफा (२) वा (३) सँग सम्वन्धित कागजात सहित अनिवार्य रुपमा विभागमा सूचीकृत हुन निवेदन दिनु पर्ने पर्ने व्यवस्था छ । तसर्थ उक्त निर्देशिकाको दफा ३ ले तोके बमोजिम सूचिकृत हुन डाटा सेन्टर र क्लाउड सेवा प्रदायक संस्थाले तोकिएका कागजात सहित यस विभागमा निवेदन दिनु हुन यो सूचना जारी गरिएको छ ।

नोटः निवेदनको ढाँचा, "डाटा सेन्टर तथा क्लाउड सेवा (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१" र यस सम्बन्धमा थप जानकारी विभागको वेभसाइट www.doit.gov.np बाट प्राप्त गर्न सकिने छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना प्रविधि विभाग**
गैह्रिगाउँ—९, तिनकुने, काठमाडौं ।